# निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७



**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ, काठमाडौं

# निर्वाचन आयोग, नेपाल

## निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७

आयोगबाट स्वीकृत मिति : २०७७/१०/०२

### १. पृष्ठभूमि

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचनको प्रयोजनको लागि मतदाताको नामावली तयार गर्ने तथा संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने अधिकार प्रदान गरेको छ । निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । निर्वाचन आयोग ऐन, २०७३ मा आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने र आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी बनाउन आयोगको संस्थागत सुदृढीकरण गर्ने रणनीति अन्तर्गत मानव संसाधनको क्षमता अभिवृद्धि गर्ने र निर्वाचन सञ्चालनको लागि मानव संसाधन विकास र उपयोग सम्बन्धी मापदण्ड र कार्यविधि तयार गर्ने कार्यनीति लिएको छ ।

नेपालको संविधान, २०१९ को पहिलो संशोधनले वि. सं. २०२३ सालमा निर्वाचन व्यवस्थापन निकायको रूपमा निर्वाचन आयोगको संवैधानिक व्यवस्था गरी काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरेको थियो । तत्पश्चात वि. सं २०३७ बैशाख २० गते सम्पन्न राष्ट्रिय जनमत संग्रह बाहेक सबै निर्वाचन आयोगको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनमा सम्पन्न हुँदै आएका छन् । नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले निर्वाचन आयोगलाई संवैधानिक निकायको रूपमा निरन्तरता दिएको छ । आयोगले निर्वाचनको काम पूरा गर्नका लागि आवश्यक जनशक्ति परिचालन गर्ने व्यवस्था बमोजिम सरकारी तथा सार्वजनिक निकायका जनशक्ति निर्वाचन व्यवस्थापन तथा सञ्चालनका लागि परिचालन गर्ने गरिएको छ ।

निर्वाचन व्यवस्थापन गर्ने निकायमा निर्वाचनका चरण एवम् प्रक्रियामा निर्वाचन अवधिभर पर्याप्त स्थायी कर्मचारीहरूको व्यवस्थापन गर्ने अन्तर्राष्ट्रिय प्रचलन देखिदैन । निर्वाचन व्यवस्थापन गर्ने निकायमा नियमित काम गर्ने कर्मचारी र निर्वाचन अवधिमा पूर्ति गरिने कर्मचारीबाट निर्वाचन सञ्चालन तथा व्यवस्थापनको कार्य सम्पादन गरिने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ । अत: निर्वाचन व्यवस्थापन गर्ने निकायमा नियमित काम गर्ने कर्मचारी र निर्वाचन अवधिमा पूर्ति गरिने अस्थायी र काजमा खटिएका जनशक्तिको प्रभावकारी रूपमा परिचालन गर्न आवश्यकता अनुसार क्षमता विकासको रणनीति

अवलम्बन गर्नुपर्ने हुन्छ । यस अनुरूप निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि विशिष्ट ज्ञान, सीप र दक्षता भएको जनशक्ति विकास गर्न नीतिगत व्यवस्था, संस्थागत संरचनाको स्थापना, निरन्तर क्षमता विकासका कार्यक्रम र निर्वाचनका सरोकारवालासँग बृहत सहकार्य गर्नुपर्ने आवश्यकता रहेको छ । कर्मचारी छनौट र परिचालनलाई समावेशी, लैङ्गिकमैत्री, अनुमानयोग्य तथा पारदर्शी बनाउनको लागि निश्चित मापदण्ड र कार्यविधि बनाउनु पर्ने आवश्यकता रहेकोले हालसम्म सम्पन्न भएका सबै तहका निर्वाचनबाट प्राप्त सिकाई तथा उपलब्धि, आयोगको पञ्चवर्षीय रणनीतिक योजना अनुरूप निर्वाचन पूर्व र निर्वाचन पश्चातको चरणमा नियमित रूपमा कार्य गर्ने तथा निर्वाचन अवधिमा सघन रूपमा निर्वाचनको कार्य सम्पन्न गर्नका लागि परिचालित हुने जनशक्तिको उत्पादन र परिचालनका लागि निर्वाचन आयोग ऐन, २०७३ बमोजिम "निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७" तर्जुमा गरिएको छ ।

## २. विगतका प्रयासहरू

### २.१ सम्वत् २००४ देखि २०२२ सम्म

यस अवधिमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि स्थायी संयन्त्र नरहेको हुँदा निर्वाचन सम्पन्न गर्नका लागि कमिशन, ट्रिबुनल तथा चुनाव आयोगको गठन गरी निर्वाचन सम्पन्न गर्ने गरिएको थियो । निर्वाचन सञ्चालनमा खटिने जनशक्ति सम्बन्धमा कुनै स्पष्ट मापदण्ड थिएन । निर्वाचन सम्पन्न गर्न पोलिङ्ग अफिसरहरू खटाउने व्यवस्था रहेको थियो । वि. सं. २०१४ सालमा काठमाण्डौं नगरपालिकाको निर्वाचनका लागि ट्रिबुनल गठन गरिएको थियो । निर्वाचन सञ्चालन गर्नका लागि नगरपालिकाका कर्मचारी, सरकारी कर्मचारी र प्रहरी परिचालन गरिएको थियो । गाउँ पञ्चायतको निर्वाचन सञ्चालनका लागि सम्बन्धित जिल्ला मजिस्ट्रेट बडा हाकिमलाई जिम्मेवारी दिइएको थियो । निर्वाचन गराउने स्थानीय हाकिमले रिटनिङ्ग अफिसरको नियुक्ति गर्दथे । नगर पञ्चायतको निर्वाचनका लागि प्रत्येक निर्वाचन हुनु भन्दा २ महिना अगावै नगर पञ्चायतले निर्वाचन अफिसरको नियुक्ति गर्नुपर्ने व्यवस्था थियो । वि. सं. २०१९ सालको अञ्चल पञ्चायतको निर्वाचनका लागि सरकारबाट नै निर्वाचन अफिसरको नियुक्ति गर्ने व्यवस्था अनुसार सम्बन्धित अञ्चलाधीशलाई निर्वाचन अफिसर नियुक्ति गरिएको थियो ।

### २.२ सम्वत् २०२३ देखि २०४६ सम्म

वि.सं. २०२३ साल भन्दा अगाडि गाउँ तथा नगर पञ्चायतको निर्वाचनमा जिल्ला पञ्चायतबाट कर्मचारी खटाउने व्यवस्था थियो । वि.सं. २०२३ साल पछि भने निर्वाचनका लागि आवश्यक कर्मचारी निर्वाचन आयोगले खटाउँदै आएको देखिन्छ । वि.सं. २०२५ सालबाट निर्वाचन अधिकृतले मतदाता नामावली संकलन गरी प्रकाशन गर्ने, दावी विरोध गर्ने म्याद दिने र सबुद प्रमाणको जाँचबुझ गरी निर्णय गर्ने व्यवस्था थियो । वि.सं. २०३० सालको अञ्चल पञ्चायतको निर्वाचनमा सरकारबाट नै निर्वाचन अफिसरको नियुक्ति गर्ने व्यवस्था बमोजिम सम्बन्धित अञ्चलाधीशलाई निर्वाचन अफिसर नियुक्ति गरिएको थियो । तर वि.सं. २०३७ साल बैशाख २० गते सम्पन्न भएको राष्ट्रिय जनमत संग्रहको सञ्चालन तथा व्यवस्थापनका लागि भगवती प्रसाद सिंहको अध्यक्षतामा अन्य १४ जना सदस्य रहेको छुट्टै राष्ट्रिय चुनाव आयोग गठन गरियो । राष्ट्रिय चुनाव आयोग (कार्य व्यवस्था) नियमावली, २०३६ ले व्यवस्था गरे बमोजिम यस आयोगले आवश्यक कर्मचारी काजमा ल्याई निर्वाचन सम्पन्न गरेको थियो । वि.सं. २०३९ सालमा सम्पन्न गाउँ, नगर तथा जिल्ला पञ्चायतको निर्वाचनमा

सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो । वि. सं. २०४३ सालको राष्ट्रिय पञ्चायत सदस्य निर्वाचनमा सम्बन्धित जिल्लाका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्ति गरिएको थियो ।

### २.३ सम्वत् २०४७ देखि २०६२ सम्म

वि.सं. २०४८ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनमा सम्बन्धित जिल्लाका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत तोकी सरकारी, स्थानीय निकाय तथा सार्वजनिक निकायका कर्मचारीलाई निर्वाचन सञ्चालनका लागि परिचालन गरिएको थियो । वि.सं. २०४९ सालमा सम्पन्न गाउँ विकास समिति र नगरपालिकाको निर्वाचनमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्वाचन अधिकृतमा नियुक्ति गरिएको थियो । वि.सं. २०५१ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनमा जिल्ला न्यायाधीश तथा न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका कर्मचारीलाई निर्वाचन अधिकृत तोकिएको थियो । वि.सं. २०५४ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्वाचन अधिकृत तोकिएको थियो । वि. सं. २०५६ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा वि. सं. २०५१ सालमा जस्तै जिल्ला न्यायाधीश तथा न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका कर्मचारीलाई निर्वाचन अधिकृत तोकिएको थियो । वि. स २०६२ साल माघ २६ गते सम्पन्न भएको नगरपालिकाको निर्वाचनमा निर्वाचन आयोगले प्रमुख जिल्ला अधिकारीलाई निर्वाचन अधिकृत तोकी सरकारी, स्थानीय निकाय तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई निर्वाचन सञ्चालनका लागि परिचालन गरेको थियो ।

### २.४ सम्वत् २०६३ देखि हालसम्म

वि. स २०६४ सालमा सम्पन्न संविधान सभा सदस्यको निर्वाचनमा जनशक्ति परिचालन मापदण्ड तयार गरी निर्वाचन कानूनमा भएको व्यवस्था बमोजिम जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवाका द्वितीय श्रेणीका अधिकृत कर्मचारीलाई निर्वाचन अधिकृत तोकी निर्वाचन सञ्चालन तथा व्यवस्थापनको प्रबन्ध मिलाइएको थियो । यस निर्वाचनदेखि निजामती सेवाका विशिष्ट श्रेणीका कर्मचारीहरूलाई निर्वाचन अनुगमनमा खटाउने व्यवस्था समेत गरियो । यस निर्वाचनमा निर्वाचन अधिकृत, अनुगमनकर्ता, मतदान अधिकृत, मतदाता शिक्षा कार्यकर्ता लगायत निर्वाचनमा खटिने जनशक्तिका लागि तालिमको व्यवस्था गरिएको थियो । वि. सं. २०७० सालमा सम्पन्न अर्को संविधानसभा सदस्य निर्वाचनमा वि.सं. २०६४ सालको संविधानसभा सदस्य निर्वाचनमा गरिएको व्यवस्था अनुरुप नै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत नियुक्ति गर्ने एवम् साविकको व्यवस्था अनुरुप नै जनशक्ति परिचालन गरिएको थियो । वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय तह, प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्यको निर्वाचनमा सम्बन्धित कानूनमा भएको व्यवस्था बमोजिम मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत आवश्यक कर्मचारी सरकारी तथा सरकारी स्वामित्व रहेका निकायबाट काजमा ल्याई परिचालन गरिएको थियो । यस निर्वाचनमा प्रत्येक मतदान केन्द्रमा कम्तीमा एकजना महिला स्वयंसेवक हुनुपर्ने व्यवस्था गरिएको थियो । जिल्ला स्तरमा कार्यरत कर्मचारीको नामावली एकीकृत रूपमा सङ्कलन गरी जनशक्ति व्यवस्थापन समिति मार्फत योग्यता पुगेका कर्मचारीको छनौट गर्ने नीति लिइएको थियो । मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा योग्य कर्मचारी मध्येबाट गोला प्रथाद्वारा चयन गरी खटाइएको थियो ।

## ३. वर्तमान स्थिति

निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा मानव संसाधन परिचालन सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था देहाय बमोजिम रहेको छ :-

३.१ नेपालको संविधानको धारा २४७ बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने,

३.२ निर्वाचन आयोग ऐन, २०७३ को दफा १७ बमोजिम आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था गरी आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने,

३.३ आयोगको दैनिक कार्यसम्पादन गर्न नियमित जनशक्तिको रूपमा आयोगको सचिवालयमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव लगायत स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी र ७७ जिल्ला निर्वाचन कार्यालयमा शाखा अधिकृत कार्यालय प्रमुख तथा आवश्यक संख्यामा सहायक तथा सहयोगी कर्मचारीहरू रहने गरी आयोगको संगठनात्मक संरचना कार्यान्वयनमा रहेको,

३.४ निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ बमोजिम आयोगले मतदाता नामावली तयार गर्नका लागि आवश्यक सङ्ख्यामा प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी, मतदाता नामावली सङ्कलनकर्ता नियुक्त गरी मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यमा जनशक्ति परिचालन गर्न सक्ने,

३.५ निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ बमोजिम निर्वाचनको कामका लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदमा आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न वा तोक्न सक्ने,

३.६ नेपालको संविधान तथा निर्वाचन सम्बन्धी कानूनले आयोगको जिम्मेवारी बमोजिमका कार्य सम्पादनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई खटाउन वा काममा लगाउन सक्ने,

३.७ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने मुख्य निर्वाचन अधिकृतका लागि न्याय परिषदको सिफारिसमा जिल्ला तथा उच्च अदालतका न्यायाधीश र निर्वाचन अधिकृतका लागि न्याय सेवा आयोगको सिफारिसमा न्याय सेवा अन्तर्गतका विशिष्ट एवम् राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई खटाउने गरिएको छ । त्यसैगरी निर्वाचन अनुगमनका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायमा कार्यरत राजपत्राङ्कित प्रथम तथा विशिष्ट श्रेणीका कर्मचारीलाई काजमा ल्याई खटाउने गरिएको छ । मतदान स्थल तथा मतदान केन्द्रमा मतदानको कार्यमा नेपाल सरकार, नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका कार्यालय, संघ, संस्था, निकाय, स्थानीय तह, विश्वविद्यालय, शैक्षिक संस्थाबाट कर्मचारी काजमा खटाउने गरिएको छ ।

# ४. समस्या, चुनौती र अवसर

## ४.१ समस्या

निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा मानव संसाधनको प्राप्ति, परिचालन र उपयोगका सम्बन्धमा देखिएका वर्तमान समस्याहरू देहाय बमोजिम छन् :

४.१.१ निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन र परिचालन सम्बन्धी स्पष्ट नीति नहुनु,

४.१.२ आयोगमा नियमित कार्य गर्ने कर्मचारीहरूको लागि वार्षिक तालिम क्यालेण्डर तर्जुमा गरी क्षमता विकासको व्यवस्था नहुनु,

४.१.३ विगतमा निर्वाचनमा खटिएका, निर्वाचन सम्बन्धी तालिम प्राप्त गरेका, कार्य सम्पादनस्तर उच्च भएका र विशेषज्ञता भएका कर्मचारीको विवरण अद्यावधिक गरी मापदण्डका आधारमा निर्वाचनमा परिचालन गर्न नसक्नु,

४.१.४ संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अद्यावधिक विवरण नहुँदा निर्वाचनका लागि आवश्यक जनशक्ति आंकलन गरी निर्वाचन सम्बन्धी काममा लगाउन नसक्नु,

४.१.५ मतदान व्यवस्थापनमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत र कमजोर कार्य सम्पादन गर्ने कर्मचारीलाई दण्डीत गर्ने स्पष्ट व्यवस्था र अभ्यास नहुनु,

४.१.६ निर्वाचन सञ्चालनमा खटिने तथा जगेडामा रहने जनशक्तिको आर्थिक लगायत अन्य सुविधा स्पष्ट नहुँदा कर्मचारीहरूमा असन्तुष्टि र परिचालनमा समस्या हुनु,

४.१.७ निर्वाचनको मिति घोषणा भए पश्चात् नेपाल सरकारबाट कर्मचारी सरुवा, बढुवा र काज खटाउने जस्ता प्रवृति नरोकिँदा जनशक्ति व्यवस्थापनमा समस्या सिर्जना हुनु,

४.१.८ आयोगबाट कर्मचारी सरूवा वा बढुवा भई अन्यत्र जाँदा आफू जिम्मा रहेको सामग्री तथा कागजात  हस्तान्तरणको उपयुक्त विधि, मापदण्ड र अभ्यास नहुनु ,

४.१.९ आयोगसँगको परामर्श विना आयोगमा कार्यरत जनशक्तिको सरूवा हुने प्रचलनले संस्थागत स्मरण कमजोर भएको तथा दक्ष जनशक्ति उपयोग गर्न नसकिने अवस्था सिर्जना हुनु,

४.१.१० आयोगमा रहेका कागजात र दस्तावेजहरू एकीकृत र सुरक्षित रूपमा संरक्षण गर्ने प्रणालीको विकास नहुँदा आवश्यक परेको समयमा प्रयोग गर्न नसक्नु,

४.१.११ निर्वाचन सञ्चालन र व्यवस्थापनको लागि विद्यमान जनशक्तिको स्थिति र भविष्यमा आवश्यक पर्ने जनशक्तिको आंकलन गर्ने प्रणाली स्थापित गर्न नसकिनु ,

४.१.१२ आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरूलाई निरन्तर उत्प्रेरित गर्न पर्याप्त सेवा सुविधाको अभाव हुनु ।

## ४.२ चुनौती

निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा मानव संसाधन सम्बन्धी चुनौती देहाय बमोजिम छन् :

४.२.१ निर्वाचन सञ्चालनका लागि निर्वाचन मिति घोषणा भए पश्चातको अवधिमा मात्र मानव संसाधनको क्षमता विकासका कार्यक्रम सञ्चालन गरी स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय निर्वाचन सम्पन्न गर्ने,

४.२.२ मुख्य निर्वाचन अधिकृतको रूपमा निर्वाचनको कार्य सञ्चालन गर्ने तथा निर्वाचन विवादको निरूपण गर्ने पदाधिकारीहरूको दोहोरो भूमिकामा स्पष्टता र पृथकता कायम गर्ने,
४.२.३ आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरूलाई निरन्तर उत्प्रेरित गर्ने,
४.२.४ भौगोलिक विकटता भएका क्षेत्रमा जनशक्ति परिचालन तथा निर्वाचन खर्च कटौती गर्ने,
४.२.५ निर्वाचन सम्बन्धी दक्षता हासिल गरेका जनशक्तिलाई निर्वाचन सञ्चालन तथा व्यवस्थापनको कार्यमा टिकाई परिचालन गर्ने,
४.२.६ जनशक्ति अपुग हुने निर्वाचन क्षेत्र पहिचान गरी आवश्यक जनशक्तिको प्रक्षेपण, प्राप्ति र विकास गर्ने,
४.२.७ निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने जनशक्तिलाई निर्वाचन पूर्वको चरणमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी सो जनशक्तिलाई निर्वाचनमा परिचालन गर्ने ।

### ४.३ अवसर

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि मानव संसाधन व्यवस्थापनमा देहायका अवसरहरू रहेका छन् :

४.३.१ नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्य गरी तीनै तहमा कार्यरत जनशक्तिलाई निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा परिचालन गर्ने,
४.३.२ निर्वाचनमा स्थानीय विशेषता अनुरूप सूचना प्रविधिको प्रयोग र स्थानीय साधन, स्रोत, ज्ञान र सीपको उपयोग गर्दै निर्वाचन सञ्चालनमा परिचालन हुने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,
४.३.३ निर्वाचन प्रक्रियालाई चुस्त र पारदर्शी बनाउन सूचना प्रविधिमैत्री दक्ष जनशक्ति तयार गर्ने,
४.३.४ निर्वाचनका लागि आवश्यक जनशक्ति परिचालन र निर्वाचनमा हुन सक्ने संभावित जोखिमको व्यवस्थापन गर्ने ।

## ५. नीतिको आवश्यकता

निर्वाचन आयोगले निर्वाचन पूर्वको चरणमा आफ्ना नियमित कर्मचारी र निर्वाचन अवधिमा परिचालन हुने कर्मचारीको समेत क्षमता अभिवृद्धिका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापनलाई केन्द्रित गरेर प्रशिक्षण सञ्चालन गर्न आवश्यक देखिन्छ । आयोगमा अन्य निकायबाट सरुवा भई आउने सबै कर्मचारीहरूको लागि निर्वाचनको कार्यमा संलग्न हुनुपूर्व नै निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधारभूत प्रशिक्षण कार्यक्रम गरी निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्यलाई भरपर्दो, पारदर्शी र विश्वसनीय बनाउनु पर्ने आवश्यकता रहेको छ ।
निर्वाचन सञ्चालनका लागि आयोगले काजमा ल्याई काममा लगाउने जनशक्तिको लागि न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयन गर्नु उपयुक्त हुन्छ । आयोग र अन्तर्गत कार्यालयले केन्द्र तथा जिल्लास्तरमा जनशक्तिको अद्यावधिक सूची तयार गरी निर्वाचन सञ्चालनमा के-कस्ता कर्मचारीहरू, के-कस्ता निर्वाचन क्षेत्र तथा मतदान स्थलमा नियुक्ति र खटनपटन गर्ने भन्ने बिषयलाई स्पष्ट र पारदर्शी बनाई जनशक्ति परिचालन गर्नु वाञ्छनीय भएकोले देहायका बिषयलाई सम्बोधन गर्न मानव संसाधन नीति आवश्यक भएको छ :–

५.१ आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीमा निर्वाचन सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गराउन तालिम पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न,

५.२ आयोगको आफ्नै स्रोत साधनबाट कर्मचारीलाई अनलाईन तालिम तथा क्षमता विकासका क्रियाकलापमा संलग्न गराई दिगोपना कायम गर्न,

५.३ आयोगका कर्मचारी निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि सदैव उत्प्रेरित रही तयारी अवस्थामा रहने वातावरण श्रृजना गर्न,

५.४ दक्षिण एशिया लगायत अन्य मुलुकका निर्वाचन व्यवस्थापन निकायसँगको समन्वयमा मानव संसाधनको क्षमता अभिवृद्धि गर्न,

५.५ आयोग तथा अन्तर्गत कार्यालयमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि नयाँ रणनीतिक योजनाको विकास तथा आयोगका पदाधिकारी एवम् कर्मचारीका लागि ब्रिज मोड्युल लगायतका उपयुक्त तालिम तथा कार्यशाला गोष्ठी निरन्तर सञ्चालन गर्न,

५.६ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत र खराव कार्य सम्पादन गर्ने कर्मचारीलाई दण्डीत गर्ने व्यवस्था गर्न,

५.७ निर्वाचन सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा अन्वेषण गरी क्षमता विकासका कार्य सञ्चालनका लागि स्थायी संयन्त्रको तयार गरी क्रियाशिल तुल्याउन,

५.८ निर्वाचन सञ्चालनमा जनशक्ति व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकार लगायत सरकारी, गैर सरकारी निकायहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गर्न,

५.९ आयोगबाट कर्मचारी सरूवा भई जाँदा ज्ञान, सीप र क्षमता लगायत आफू जिम्मा रहेका आयोगको सूचना, सम्पत्ति वा अन्य वस्तुको अनिवार्य रूपमा हस्तान्तरण गर्ने प्रणालीको विकास गर्न ।

## ६. संगठनात्मक प्रतिवद्धता

निर्वाचनका सबै चरण र प्रक्रियामा जनशक्ति परिचालन तथा व्यवस्थापनको लागि मानव संसाधन नीतिको प्रभावकारी कार्यान्वयन गर्न आयोगले देहाय बमोजिमको प्रतिवद्धता कार्यान्वयन गर्नेछ :-

### ६.१ समानता प्रवर्द्धन

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउनका लागि निर्वाचनका सबै चरण र प्रक्रियामा समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा लैङ्गिक तथा समावेशी निर्वाचनलाई प्रवर्द्धन गर्न महिला तथा समावेशी समूहहरूको निर्वाचनमा समान पहुँचको सुनिश्चितता प्रदान गर्नेछ ।

### ६.२ लैङ्गिकतामा आधारित विभेदको अन्त्य

लैङ्गिक हिंसालाई अन्त्य गर्न निर्वाचन अवधिमा हुने लैङ्गिक हिंसा न्युनीकरणका लागि आयोग सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति, समुदाय र आर्थिक, सामाजिक विभेदका कारण पछाडि परेका वर्ग तथा महिलाहरूको संरक्षण, विकास, सशक्तीकरण, अवसर र पहुँचको निम्ति क्रियाशील रहनेछ ।

### ६.३ उत्तरदायित्वको सुनिश्चितता

निर्वाचन व्यवस्थापनको क्रममा केन्द्रीय तहदेखि मतदान केन्द्रसम्म परिचालन हुने जनशक्ति तोकिएको क्षेत्रमा आफ्नो जिम्मेवारी प्रति उत्तरदायी भई कार्य सम्पादन गर्न सक्ने व्यवस्था मिलाउन आयोग

प्रतिवद्ध छ। कर्मचारीहरूमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास गरी आफ्नो अधिकारप्रति सचेत र कर्तव्यप्रति जागरुक भई सशक्त रूपमा कार्य सम्पादन गर्न र नागरिकप्रति जवाफदेही तुल्याउन उपयुक्त वातावरण तयार गरिनेछ ।

६.४ निरन्तर क्षमता अभिवृद्धि

निर्वाचन व्यवस्थापनका सम्बन्धमा अन्तर्राष्ट्रिय अनुभव र असल अभ्यासलाई अनुसरण गरी कार्यान्वयन गर्न सक्षम जनशक्ति तयार गर्नका लागि आयोगले निरन्तर क्षमता विकासका कार्य सञ्चालन गर्नेछ । आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीको लागि तालिम, गोष्ठी र सेमिनारका पाठ्यक्रम विकास गरी वार्षिक कार्य तालिका बमोजिम क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने तथा निर्वाचनको अवधिमा परिचालन गरिने जनशक्तिको निम्ति समेत आवश्यक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६.५ जनशक्ति व्यवस्थापनमा संस्थागत प्रणाली

निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि मानव संसाधन प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन निश्चित मापदण्ड र कार्यविधि तयार गरिनेछ। विभिन्न निर्वाचनमा खटिई अनुभव हासिल गरेका, निर्वाचन सम्बन्धी तालिम प्राप्त गरेका र निर्वाचनको विषयमा विज्ञता हासिल गरेका कर्मचारी तथा अन्य जनशक्तिको अभिलेख व्यवस्थापन अद्यावधिक गरी मानव संसाधन व्यवस्थापनलाई अनुमानयोग्य र पारदर्शी तुल्याउन आवश्यक संस्थागत प्रणालीको स्थापना गरिनेछ।

६.६ गुनासो व्यवस्थापन

आयोगले यो नीति कार्यान्वयनको सन्दर्भमा भए गरेका गतिविधिबाट हुन सक्ने समस्या तथा गुनासाको उचित सम्बोधन गर्न गुनासो तथा उजुरी सुनुवाई सम्बन्धी संयन्त्र बनाई कार्यान्वयन गरिनेछ।

## ७. दूरदृष्टि

सीपयुक्त, दक्ष र उत्प्रेरित जनशक्ति मार्फत् निर्वाचन व्यवस्थापन

## ८. ध्येय

विश्वसनीय निर्वाचनका लागि व्यवसायिक तथा सक्षम जनशक्तिको व्यवस्थापन गर्ने

## ९. लक्ष्य

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्न गुणस्तरीय तथा व्यवसायिक मानव संसाधनको विकास गरी जनशक्ति परिचालन गर्नु।

## १०. उद्देश्य

१०.१ निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि विशिष्ट ज्ञान, सीप, क्षमता भएका उत्प्रेरित जनशक्ति विकास गर्न संस्थागत संरचनाको स्थापना र सञ्चालन गर्नु,

१०.२ आयोग र अन्तर्गत कार्यालयमा रहने जनशक्तिको विशिष्ट ज्ञान, सीप र क्षमता विकासका लागि नीतिगत व्यवस्था गरी तोकिएको अवधिसम्म आयोगमा सेवा गर्ने वातावरण तयार गर्नु,

१०.३ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तिको लागि ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न निरन्तर मानव संसाधन विकासका कार्य गर्नु,

१०.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुने कर्मचारीहरू तोकिएको मापदण्डको आधारमा छनौट र परिचालन हुने पारदर्शी र अनुमानयोग्य प्रणाली स्थापित गर्नु ,

१०.५ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता विकासका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न विषयगत क्षेत्रका प्रशिक्षण प्रतिष्ठान लगायतका निकायहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गर्नु ।

## ११. नीति

११.१ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुने कर्मचारीको व्यवस्थापनका लागि आवश्यकता अनुसार नीतिगत तथा कानूनी सुधार गरी आवश्यक दक्ष जनशक्ति तयार गर्ने,

११.२ आयोग र अन्तर्गत कार्यालयमा कार्यरत तथा निर्वाचन अवधिमा खटिने जनशक्ति नियुक्ति र परिचालनका लागि निश्चित आधार र मापदण्ड तयार गर्ने,

११.३ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता विकासका लागि विभिन्न प्रशिक्षण प्रतिष्ठान, विश्वविद्यालय, संघ संस्था लगायत निकायहरूसँग समन्वय र सहकार्य गर्ने,

११.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिएका जनशक्तिको अनुगमन तथा मूल्याङ्कन गर्न आयोग र अन्तर्गत कार्यालयमा आवश्यक संयन्त्रको स्थापना गरी परिचालन गर्ने,

११.५ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा परिचालन गरिने कर्मचारीको क्षमता विकासको लागि संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने ।

## १२. रणनीति

१२.१ निर्वाचन सम्बन्धी अध्ययन, अनुसन्धान, सिकाई तथा ज्ञानको अभिलेखीकरण गर्न तथा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा दक्ष जनशक्ति विकास गर्न निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि संरचना तयार गरिनेछ ।

१२.२ आयोग तथा अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि मानव संसाधन तथा क्षमता विकास योजना तयार गरी नियमित रूपमा कार्यान्वयन गरिनेछ ।

१२.३ निर्वाचन अवधिमा खटिने जनशक्तिको लागि मापदण्ड तयार गरी निर्वाचन सञ्चालनमा आवश्यक ज्ञान, सीप र क्षमताको पहिचान तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.४ निर्वाचन अवधिमा निर्वाचन अनुगमन, पर्यवेक्षण, सञ्चार अनुगमन, आचार संहिता अनुगमन लगायतका कार्यमा संलग्न हुने पदाधिकारी, प्रतिनिधि, संघ संस्थाहरूको छनौट र परिचालन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२.५ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा आवश्यक मानव संसाधन तयार गर्न सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्र तथा निर्वाचन सरोकारवालासँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ ।

## १३. कार्यनीति

निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीतिका लागि पाँचवटा रणनीति अन्तर्गत पहिचान गरिएका कार्यनीतिहरु देहाय बमोजिम रहेका छन् :-

**रणनीति** १: निर्वाचन सम्बन्धी अध्ययन, अनुसन्धान, सिकाई तथा ज्ञानको अभिलेखीकरण गर्न तथा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा दक्ष जनशक्ति विकास गर्न निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि संरचना तयार गरिनेछ ।

**कार्यनीति**

१३.१ निर्वाचन तथा मतदाता शिक्षा प्रशिक्षण गर्ने निकाय स्थापना र सञ्चालनको लागि मापदण्ड र कार्यविधि तयार गरिनेछ ।

१३.२ अध्ययन, अनुसन्धान, प्रशिक्षण सञ्चालन र सिकाई तथा ज्ञानको अभिलेखीकरण गर्न एक निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन संरचनाको स्थापना गरिनेछ ।

१३.३ निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने जनशक्तिको ज्ञान, सीप, क्षमताको पहिचान गरिनेछ ।

१३.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि नियमित निर्वाचन सम्बन्धी अध्ययन, अनुसन्धान, सिकाई तथा ज्ञानको अभिलेखीकरण गर्न तथा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा दक्ष जनशक्ति विकास गर्न निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि संरचना तयार गरिनेछ ।

१३.५ आयोग वा अन्तर्गत कार्यालयमा कार्यरत जनशक्तिलाई आवश्यक पर्ने तथा निर्वाचन अवधिमा खटिने जनशक्तिको लागि आवश्यक पर्ने पाठ्यक्रम र सामग्रीको विकास गरिनेछ ।

१३.६ निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधारभूत तथा विशिष्टिकृत प्रशिक्षणको पाठ्यक्रम तथा श्रोत सामग्री तयार गरी अनलाइन तथा अफलाईन प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.७ निर्वाचन शिक्षा सम्बन्धी पाठ्यक्रम र सामग्रीको निर्माण गर्दा लैङ्गिक, समावेशी तथा अपाङ्गमैत्री बनाइनेछ ।

१३.८ निर्वाचनका लागि आवश्यक पर्ने मानव संसाधन सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने, निर्वाचन सम्बन्धी पुस्तकालय सञ्चालन तथा तथ्याङ्कीय अभिलेख व्यवस्थापन गरी ज्ञानको अभिलेखीकरण गरिनेछ ।

१३.९ निर्वाचनका सबै चरण र प्रक्रियालाई पारदर्शी र विश्वसनीय बनाउन निर्वाचन सरोकारवालाहरूको समन्वय र साझेदारीमा निर्वाचन सम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

१३.१० निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि निर्वाचन विज्ञको सूची तयार गर्न अध्ययन गरिनेछ ।

१३.११ निर्वाचन सम्बन्धी प्रशिक्षण प्राप्त गरेका जनशक्ति पहिचान गर्न तथा आवश्यकता अनुसार प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आयोग र अन्तर्गत कार्यालयमा रहेका विज्ञ तथा प्रशिक्षकहरूको सुची तयार गरी अध्यावधिक गरिनेछ ।

१३.१२ निर्वाचन सम्बन्धी विषयमा अन्तराष्ट्रिय विज्ञहरूसँग जनशक्ति परिचालन, लोकतन्त्र तथा सुशासन लगायतका विषयमा अनुभव र सिकाई आदानप्रदान गरिनेछ ।

१३.१३ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा योगदान दिएको जनशक्ति, संघ-संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा निर्वाचन सम्बन्धी योगदान दिएका विषय विज्ञहरूलाई सम्मान गरिनेछ ।

१३.१४ निर्वाचन प्रणाली तथा निर्वाचन चक्र लगायतका विषयमा थप अध्ययन अनुसन्धान, फेलोसिप तथा छात्रवृत्तिको लागि आवश्यक मापदण्ड तथा कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

**रणनीति २ :** आयोग तथा अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि मानव संसाधन तथा क्षमता विकास योजना तयार गरी नियमित रूपमा कार्यान्वयन गरिनेछ

**<u>कार्यनीति</u>**

१३.१५ आयोग र अन्तर्गत कार्यालयमा सरूवा, पदस्थापन र नियुक्ति हुने जनशक्ति टिकाई राख्ने योजनाको लागि न्यूनतम मापदण्ड, आचारसंहिता तथा कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

१३.१६ आयोग र अन्तर्गत कार्यालयमा सरूवा भई आउने कर्मचारीहरूलाई आधारभूत निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिई पदस्थापन गर्ने व्यवस्था मिलाइनेछ,

१३.१७ आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरूको आन्तरिक कार्यसम्पादन मूल्याङ्कन गर्दा तालिम र नतिजासँग आवद्ध गरिनेछ ।

१३.१८ निर्वाचनका सबै चरण र प्रक्रियामा जनशक्ति छनौट, प्रशिक्षण र पदस्थापनका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१३.१९ आयोग र अन्तर्गत कार्यालयमा कार्यरत जनशक्तिको अन्यत्र सरूवा गर्दा आयोगको परामर्शमा मात्र गर्ने व्यवस्था मिलाइनेछ ।

१३.२० आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनको आधारमा वार्षिक रुपमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गरिनेछ ।

१३.२१ आयोगको काम कारवाहीलाई प्रदेश तथा स्थानीय तहको समन्वय र सहकार्यमा सञ्चालन गर्न प्रदेश सरकार, गाउँपालिका तथा नगरपालिकामा सम्पर्क व्यक्तिको व्यवस्था गरिनेछ ।

१३.२२ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तिको लागि आवश्यक स्रोत साधन र सेवा सुविधालाई आकर्षक र पारदर्शी बनाईनेछ ।

**रणनीति ३** निर्वाचन अवधिमा खटिने जनशक्तिको लागि मापदण्ड तयार गरी निर्वाचन सञ्चालनमा आवश्यक ज्ञान, सीप र क्षमताको पहिचान तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ

**<u>कार्यनीति</u>**

१३.२३ निर्वाचन अवधिमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आयोग तथा अन्तर्गत कार्यालयदेखि मतदान केन्द्रसम्म खटिने जनशक्तिको दरबन्दी प्रक्षेपण, छनौट, नियुक्ति, पदस्थापन र खटनपटनका सम्बन्धमा लैङ्गिक तथा समावेशी सिद्धान्त समेतका आधारमा न्यूनतम मापदण्ड, आचारसंहिता तथा कार्यविधि तयार गरी लागू गरिनेछ ।

१३.२४ निर्वाचन अधिकृत, मतदान अधिकृत, स्वयंमसेवक, मतदाता शिक्षा कार्यकर्ता तथा अन्य कर्मचारीको लागि आधारभूत निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्रोत सामग्री तयार गरी प्रशिक्षण दिईनेछ ।

१३.२५ मतगणना कार्यमा खटिने अधिकृत तथा अन्य कर्मचारीको लागि कार्य विवरण तथा आचार सहिंता तयार गरी लागू गरिनेछ ।

१३.२६ निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधारभूत प्रशिक्षण लिएका जनशक्तिलाई प्राथमिकता दिई निर्वाचन कार्यमा खटाइनेछ ।

१३.२७ निर्वाचन सञ्चालनका लागि यस अघि निर्वाचनमा खटिएका कर्मचारी, जनशक्ति र निर्वाचन विज्ञको सूची अद्यावधिक गरिनेछ ।

१३.२८ निर्वाचन सञ्चालनमा खटिएका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति ४** निर्वाचन अवधिमा निर्वाचन अनुगमन, पर्यवेक्षण, सञ्चार अनुगमन, आचार संहिता अनुगमन लगायतका कार्यमा संलग्न हुने पदाधिकारी, प्रतिनिधि, संघ संस्थाहरूको छनौट र परिचालन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ

**कार्यनीति**

१३.२९ निर्वाचन अनगुमन, पर्यवेक्षण, सञ्चार अनुगमन, आचारसंहिता अनुगमन लगायतका कार्यमा खटिने संघ संस्था तथा जनशक्ति छनौट र परिचालन सम्बन्धमा न्यूनतम मापदण्ड तथा कार्यविधि तयार गरी लागू गरिनेछ ।

१३.३० निर्वाचन अनुगमन, पर्यवेक्षण, सञ्चार अनुगमन, आचारसंहिता अनुगमन लगायतका कार्यमा यस अघि निर्वाचनमा खटिएका कर्मचारी, राजनीतिक दलका प्रतिनिधि तथा निर्वाचन विज्ञको विषय क्षेत्रका आधारमा सूची तयार गरी अद्यावधिक गरिनेछ ।

१३.३१ निर्वाचन अनुगमन, पर्यवेक्षण, सञ्चार अनुगमन, आचारसंहिता अनुगमन लगायतका कार्यमा खटिने जनशक्तिको लागि आचारसंहिता तथा कार्यसम्पादन मूल्याङ्कन मापदण्ड तयार गरी लागू गरिनेछ ।

**रणनीति ५** निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा आवश्यक मानव संसाधन तयार गर्न सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्र तथा निर्वाचन सरोकारवालासँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ.

**कार्यनीति**

१३.३२ आयोग र विभिन्न प्रशिक्षण प्रतिष्ठान, विश्वविद्यालय, संघ संस्था लगायत विकास साझेदार संस्थासँगको समन्वय र सहकार्यमा मानव संसाधन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.३३ निर्वाचन व्यवस्थापनमा आवश्यक पर्ने मानव संसाधन विकासका लागि अन्य देशका निर्वाचन व्यवस्थापन निकाय तथा अन्तर्राष्ट्रिय संस्थाका अभ्यास, अनुभव, सिकाई एवम् अध्ययन अनुसन्धानलाई उपयोग गर्दै लगिनेछ ।

१३.३४ कर्मचारीहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको अध्ययन, तालीम, कार्यशाला, अवलोकन, पर्यवेक्षण आदि कार्यक्रममा सहभागी छनोट गर्दा बस्तुनिष्ठ आधारमा गरिनेछ ।

## १४. अपेक्षित उपलब्धि

१४.१ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तिको जिम्मेवारी, मनोवल, उत्प्रेरणा र उत्तरदायित्व वृद्धि भएको हुनेछ ।

१४.२ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तिको लागि आचारसंहिता र क्षमता विकास योजना तयार भै कार्यान्वयन हुनेछ ।

१४.३ निर्वाचनको लागि गरिने मानव संसाधन व्यवस्थापनको कार्य व्यवस्थित, पारदर्शी र निष्पक्षताको अभिवृद्धि हुनेछ ।

१४.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने कर्मचारीहरूको कार्यशैली तथा कार्यसम्पादन स्तरमा सुधार भएको हुनेछ ।

१४.५ निर्वाचन व्यवस्थापनमा खटिने मानव संसाधनको आधारभूत तथा विशिष्टिकृत तालिम तथा निर्वाचन सम्बन्धी प्रशिक्षणको पाठ्यक्रम र पाठ्यसामग्री तयार गरी कार्यान्वयन भएको हुनेछ ।

१४.६ निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विषयमा जनशक्ति विकास गर्न निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संरचनाको स्थापना भई सञ्चालन भएको हुनेछ ।

१४.७ निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने जनशक्तिको सूची निर्वाचन अवधि पूर्व नै तयार भएको हुनेछ ।

१४.८ निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्यमा आधारभूत प्रशिक्षण प्राप्त, ज्ञान तथा सीपयुक्त, अनुशासित एवम् दक्ष जनशक्ति परिचालन भएको हुनेछ ।

१४.९ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रक्रियामा विश्वसनीयता अभिवृद्धि भएको हुनेछ ।

## १५. संस्थागत व्यवस्था

### १५.१ निर्देशक समिति

१. निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीतिमा उल्लेख भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | निर्वाचन आयुक्त (सम्बन्धित बिषय हेर्ने), निर्वाचन आयोग | संयोजक |
| (ख) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (ग) | सचिव, निर्वाचन आयोग | सदस्य |
| (घ) | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान | सदस्य |
| (च) | कार्यकारी निर्देशक, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | सदस्य |
| (छ) | कार्यकारी निर्देशक, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | सदस्य |

(ज) प्रशासन महाशाखा प्रमुख, निर्वाचन आयोग सदस्य सचिब

२. निर्देशक समितिले समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ वा विश्वविद्यालयका प्रतिनिधि वा अन्य विषय क्षेत्रका सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१५.२ मानव संसाधन नीति कार्यान्वयन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) मानव संसाधन सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न आयोगलाई सहयोग गर्ने,

(ख) निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा मौजुदा एवम् नयाँ तर्जुमा गरिने नीति, ऐन, नियमावली, आचारसंहिता, कार्यविधि, निर्देशिका र मानव संसाधन नीति अनुरूप बनाउन सहजीकरण र समन्वय गर्ने,

(ग) निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तिको नियुक्ति तथा परिचालन सम्बन्धी आधार र मापदण्ड तयार गरी स्वीकृत गर्ने,

(घ) निर्वाचन अवधिमा आयोगले नियुक्ति गर्ने जनशक्तिको निर्वाचन सञ्चालन तथा व्यवस्थापनको विषयमा क्षमता विकास गर्न स्थापना गरिने संरचना मार्फत कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ङ) नीति कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने, गराउने,

(च) नीति कार्यान्वयन समितिबाट पेश भएको कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने,

(छ) मानव संसाधन नीतिको कार्यान्वयन अवस्थाको समय समयमा समीक्षा गरी गराई आयोगको सचिवालय र कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने ।

**१५.३ कार्यान्वयन समिति**

१. निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीतिको प्रभावकारी कार्यान्वयन गर्न देहाय बमोजिमको कार्यान्वयन समिति गठन गरिनेछ :-

(क) सचिव, निर्वाचन आयोग, संयोजक

(ख) सबै महाशाखा प्रमुख, निर्वाचन आयोग, सदस्य

(ग) प्रशासन शाखा प्रमुख, निर्वाचन आयोग, सदस्य सचिव

२. कार्यान्वयन समितिले समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ वा विश्वविद्यालयका प्रतिनिधि वा अन्य क्षेत्रका विषय सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१५.४ मानव संसाधन नीति कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) नीति कार्यान्वयन कार्ययोजना तयार गरी निर्देशक समितिको स्वीकृतिमा कार्यान्वयन गर्ने,

(ख) निर्वाचन सञ्चालनमा आवश्यक पर्ने जनशक्तिको पद र संख्या यकिन गर्ने,

(ग) निर्वाचन सञ्चालनमा आवश्यक पर्ने जनशक्तिको लागि न्यूनतम मापदण्ड, आचारसंहिता र कार्यविधिको मस्यौदा तयार गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(घ) आयोग वा अन्तर्गत कार्यालयमा सरूवा भई आउने वा नियुक्ति हुने जनशक्तिलाई निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनलाइन वा अफलाइन आधारभूत प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ङ) निर्वाचनको अवधिमा निर्वाचन सञ्चालनमा खटिन सक्ने सम्भावित जनशक्तिको पहिचान गरी निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संरचना मार्फत निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनलाइन वा अफलाइन आधारभूत प्रशिक्षण सञ्चालन गर्ने,

(च) सूचना प्रविधिको प्रयोग गरी तालीम प्राप्त जनशक्तिको रोष्टर अध्यावधिक गर्ने,

(छ) आयोग र अन्तर्गत कार्यालयमा कार्यरत तथा निर्वाचन सञ्चालनमा खटिने जनशक्तिको लैङ्गिक तथा समावेशी आधारमा खण्डीकृत तथ्याङ्क तयार गर्ने,

(ज) आयोग तथा अन्तर्गत कार्यालयमा कार्यरत जनशक्तिको आन्तरिक कार्यसम्पादन मूल्याङ्कनका लागि मापदण्ड तथा कार्यविधि तयार गरी वार्षिक कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने,

(झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आयोजना वा सञ्चालन हुने निर्वाचन सम्बन्धी कार्यशाला, गोष्ठी, प्रशिक्षण, अध्ययन भ्रमण आदिमा सहभागी हुने सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गर्ने,

(ञ) आयोग र अन्तर्गत कार्यालयमा कार्यरत जनशक्ति सरूवा भई जाँदा आफ्नो जिम्मामा रहेको कागजात, जिन्सी सामग्री लगायतका सामग्री बरबुझारथ सम्बन्धमा मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने,

(ट) निर्वाचन अनुगमन, पर्यवेक्षण, सञ्चार अनुगमन, आचारसंहिता अनुगमन लगायतका कार्यमा संलग्न हुने पदाधिकारी, प्रतिनिधि, संघसंस्थाहरूको छनौट तथा परिचालन मापदण्ड र आचारसहिंता तयार गर्ने ,

(ठ) मानव संसाधन नीतिले निर्देश गरे बमोजिम आयोगबाट स्वीकृत मापदण्ड, आचार सहिंता र कार्यविधिको कार्यान्वयन गर्ने,

(ड) निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संरचना स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गर्ने,

(ढ) स्थानीय तहमा रहने निर्वाचन सम्बन्धी सम्पर्क व्यक्तिको लागि आवश्यक मापदण्ड, आचारसंहिता र कार्यविधि तयार गरी कार्यान्वयन गर्ने,

(ण) सरकारी, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालन हुने विभिन्न प्रशिक्षण तथा तालिम कार्यक्रममा निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विषयलाई समेत समावेश गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

## १६. प्रमुख कार्यक्रम

निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रम कार्यान्वयन गरिनेछ :-

### १६.१ नीतिगत सुधार

(क) नीति कार्यान्वयन सम्बन्धी विभिन्न मापदण्ड, आचारसंहिता र कार्यविधि तर्जुमा गर्ने ।

(ख) निर्वाचन आयोग ऐन, २०७३ तथा निर्वाचन सम्बन्धी कानूनमा यस नीति बमोजिम आवश्यक संशोधन गर्न मसौदा तर्जुमा गर्ने ।

(ग) निर्वाचन आयोग नियमावली, २०७३ तथा निर्वाचन सम्बन्धी नियमावलीमा यस नीति बमोजिम संशोधन र परिमार्जन गर्ने ।

(घ) आचारसंहिता, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रशिक्षण पाठ्यक्रम र पाठ्यसामग्री आदिमा यस नीतिले उल्लेख गरेका विषयवस्तुहरू समावेश गर्ने ।

### १६.२ संरचना व्यवस्था तथा अभिलेखीकरण

(क) निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संरचना स्थापना र सञ्चालन गर्ने ।

(ख) निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन तथा निर्वाचनका अन्य कार्य स्थानीय तहबाटै गर्न सक्ने गरी प्रदेश तथा स्थानीय तहमा निर्वाचन सम्पर्क व्यक्ति र सहायक सम्पर्क व्यक्ति तोकी निजहरू मार्फत कार्य गर्न पहल गर्ने ।

### १६.३ अध्ययन, अनुसन्धान र प्रकाशन

(क) निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा प्रशिक्षण प्राप्त जनशक्तिको रोष्टर तथा सूचना व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने ।

(ख) निर्वाचनलाई पारदर्शी र विश्वनीय बनाउने सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने गराउने ।

### १६.४ क्षमता विकास

(क) निर्वाचन सञ्चालनमा खटिने जनशक्तिको लागि निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संरचना मार्फत प्रशिक्षणको आवश्यकता पहिचान गरी सो बमोजिम पाठ्यक्रम तथा प्रशिक्षण सामग्री तयार गर्ने ।

(ख) निर्वाचन सञ्चालनमा खटिने जनशक्तिको लागि न्यूनतम मापदण्ड कायम गरी सो अनुरूपका आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(ग) निर्वाचन व्यवस्थापन लगायतका आधारभूत विषयमा अनलाईन लगायत विभिन्न मोड्यूलमा आधारित प्रशिक्षण कार्यक्रमको संञ्चालन गर्ने ।

(घ) आयोगको मानव संसाधन क्षमता विकासका लागि अन्तर्राष्ट्रिय निर्वाचन व्यवस्थापन निकायहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने ।

## १७. वित्तीय व्यवस्था

मानव संसाधन नीति कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरी आवश्यक श्रोत साधनको व्यवस्था गरिनेछ । यसका लागि आयोगले नेपाल सरकार लगायत स्वदेशी तथा विदेशी संघ संस्थाहरूको समेत श्रोत साधनको परिचालन गर्नेछ । नीति कार्यान्वयनको लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज तथा निर्वाचन सरोकारवालासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

## १८. नीतिगत एवम् कानूनी सुधार तथा कार्यान्वयन कार्ययोजना

१८.१ निर्वाचन सम्बन्धी कानून तर्जुमा एवम् परिमार्जन गर्दा यस नीतिमा उल्लेख भएका व्यवस्था समावेश गर्दै लगिनेछ ।

१८.२ नीति कार्यान्वयनको लागि निर्दिष्ट गरिएका कार्यक्रमलाई आयोगको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्दै लगिनेछ ।

१८.३ नीति कार्यान्वयनका लागि आयोग र अन्तर्गतका कार्यालयहरू, निर्वाचन सम्वद्ध सरोकारवालासँग समन्वय र सहकार्य गरी कार्ययोजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

## १९. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१९.१ केन्द्रीय स्तरमा यो नीतिको अनुगमन तथा मूल्याङ्कन आयोग तथा आयोगको सचिवालयले गर्नेछ । प्रदेश स्तरमा आयोगको प्रादेशिक कार्यालय स्थापना भएपछि प्रादेशिक कार्यालयले समेत यसको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । जिल्ला स्तरमा जिल्ला निर्वाचन कार्यालयले अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१९.२ निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने मानव संसाधनको विकासका महत्वपूर्ण सुधारका पक्षलाई ध्यानमा राखी अनुगमन तथा मूल्याङ्कन गर्न निश्चित मापदण्ड सहितको ढाँचा तयार गरिनेछ ।

१९.३ निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक प्रशिक्षण प्राप्त जनशक्तिको सूची तयार तथा प्रशिक्षण गर्न तालिम प्राप्त जनशक्तिको विवरण नियमित रूपमा अद्यावधिक गरी वार्षिक रूपमा मानव संसाधन प्रतिवेदन प्रकाशन गरिनेछ ।

## २०. जोखिम

नीति कार्यान्वयनमा देहाय बमोजिमका जोखिम पहिचान गरिएको छ ।

२०.१ मानव संसाधन नीति अनुकूल हुने गरी कानूनी सुधार र संस्थागत व्यवस्था,

२०.२ निर्वाचनको लागि आवश्यक दक्ष जनशक्तिको उपलब्धता,

२०.३ नीति कार्यान्वयनका लागि आवश्यक पर्ने आर्थिक तथा अन्य स्रोतको उपलब्धता,

२०.४ आचारसंहिता र मापदण्ड तर्जुमा, कार्यान्वयन र परिपालनामा सम्बन्धित सबैको तत्परता,

२०.५ नीति कार्यान्वयनमा निर्वाचन सरोकारवालाहरुबाट हुनसक्ने उदासिनता ।

## २१. नीति पुनरावलोकन र परिमार्जन

यो नीति समय सापेक्ष गतिशील दस्तावेजको रूपमा रहनेछ । सामान्यत: पृष्ठपोषण समेतको आधारमा निर्देशक समितिको सिफारिशमा आवश्यकता अनुसार नीतिको पुनरावलोकन गरी परिमार्जन गर्न सकिने छ । नीति कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध, समस्या वा अस्पष्टता भएमा आयोगले आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

## २२. बचाऊ

मानव संसाधन सम्बन्धमा यस अघि भए गरेका काम कारवाहीहरु यसै नीति अनुरूप भए गरेको मानिनेछ ।

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाण्डौ, नेपाल
फोनः ९७७ (१) ४२२८६६३ र ४२२५५८०
ईमेलः info@election.gov.np
www.facebook.com/ecnofficial